# हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड

## चावहिल, काठमाडौं ।

### चौधौं वार्षिक साधारण सभाको काम कारवाहीको (निर्णय/माइन्यूट) विवरण

**१. प्रारम्भिक :**

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२/०९/०६ गते बसेको सञ्चालक समितिको २४९औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम संस्थाको चौधौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री बिजय मान नकर्मीज्यूको अध्यक्षतामा देहायबमोजिमको मिति, समय र स्थानमा सभा बसी निम्नानुसारका प्रस्ताव उपर छलफल तथा निर्णय गरी सु-सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०८२ पौष २८ गते सोमबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं ।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा-६७ (२) बमोजिम लघुवित्त वित्तीय संस्थाको चौधौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको सूचना तथा कम्पनी ऐन २०६३ को दफा ८४(४) प्रयोजनको लागि संस्थाको आर्थिक वर्ष २०८१/८२ को संक्षिप्त वार्षिक वित्तीय विवरण र सञ्चालक समितिको प्रतिवेदनको विवरण समेत खुलाई पहिलो पटक मिति २०८२/०९/०७ गते र दोस्रो पटक संक्षिप्तमा मिति २०८२/०९/१४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै, सेयरधनी महानुभावहरुको जानकारीको लागि संस्थाको आधिकारिक वेबसाइटमा समेत राखिएको थियो ।

**४. सभामा उपस्थिति :**

कम्पनीको चौधौं वार्षिक साधारण सभामा सेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखापरीक्षक, पर्यवेक्षक, नियमनकारी निकाय र व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री बिजय मान नकर्मी | अध्यक्ष | प्रतिनिधि - हिमालयन बैंक लि. |
| २. | श्री सुवासन हर्ष वज्राचार्य | सञ्चालक | प्रतिनिधि - हिमालयन बैंक लि. |
| ३. | श्री सरोज श्रेष्ठ | सञ्चालक | प्रतिनिधि - हिमालयन बैंक लि. |
| ४. | श्री रुद्र प्रसाद दाहाल | सञ्चालक | स्वतन्त्र |
| ५. | श्री कृष्णप्रसाद अधिकारी | सञ्चालक | सर्वसाधारण समूह |
| ६. | श्री शिबप्रसाद चौलागाईं | सञ्चालक | सर्वसाधारण समूह |
| ७. | श्री सुनिता आचार्य | सञ्चालक | सर्वसाधारण समूह |

**(ख) वित्तीय संस्थाका व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री विनोद आचार्य | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री देवकर कार्की | कम्पनी सचिव/प्रमुख - कर्जा विभाग |
| ३. | श्री सुमन कुमार दाहाल | प्रमुख - वित्त र सञ्चालन विभाग |
| ४. | श्री सुवासमणी बस्ताकोटी | प्रमुख - योजना र मानव संसाधन विभाग |

५. श्री पुष्कर घिमिरे — प्रमुख - अनुगमन तथा निरीक्षण विभाग
६. श्री भवानी धिताल — प्रमुख - सामान्य सेवा विभाग
७. श्री बरुण श्रेष्ठ — प्रमुख - सूचना प्रविधि विभाग
८. श्री पुरुषोत्तम श्रेष्ठ — प्रमुख - आन्तरिक लेखापरीक्षण विभाग
९. श्री मनोज दानी — प्रमुख - असुली विभाग

**(ग) सेयरधनीहरुको उपस्थिति :**

१. स्वयम् उपस्थिति - ७६
२. प्रतिनिधि मार्फत उपस्थिति - १
३. जम्मा उपस्थिति - ७७

**(घ) पर्यवेक्षकको रुपमा उपस्थिति :**

१. श्री अनिला श्रेष्ठ : एफ.सि.ए. श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स ।
२. श्री केशव कुमार श्रेष्ठ : अधिवक्ता, निर्वाचन अधिकृत ।
३. श्री रामप्रसाद भट्टराई : प्रतिनिधि, हिमालयन क्यापिटल लिमिटेड ।

**(ङ) कम्पनी रजिष्ट्रार कार्यालयको प्रतिनिधि उपस्थिति :**

१. श्री चक्र बहादुर घर्ती
२. श्री गायत्रा श्रेष्ठ

५. **सभाको गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा-७३ बमोजिम) :

| सेयर तथा सेयरधनी | कूल संख्या | उपस्थिति | | | कूल प्रतिनिधित्व प्रतिशत (%) |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कूल | |
| सेयर संख्या | ३१,९८,१८१ | १५,१५९ | १६,३१,०७२ | १६,४६,२३१ | ५१.४७ |
| सेयरधनी संख्या | २१,४२१ | ७६ | १ | ७७ | ०.३६ |

६. **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, मिति २०८१/०४/०१ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित लेखा टिप्पणी तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम हाल कायम रहेको संस्थाको कुल चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ०.३५ प्रतिशतले हुन आउने नगद लाभांश रकम रु. ११,१९,३६३/४५ बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् कम्पनीबाट लगातार तीन आर्थिक वर्षको लेखापरीक्षण भइसकेकोले निज पुनः नियुक्तिको लागि ग्राह्य नरहनु भएको)

५. सर्वसाधारण सेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम आर्थिक वर्ष २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको संस्थाको चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ६.६५ प्रतिशतले हुन आउने रकम रु. २,१२,६७,९०५/६६ बोनस सेयर लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा-६ (ख) र (ग) र नियमावलीको नियम ३२.१(ख) र ४९(८) मा संशोधन प्रस्ताव पारित गर्ने । साथै, प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न निर्देशन वा सुझाव दिएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

७. **आसन ग्रहण तथा ब्याच वितरण :**

सर्वप्रथम वित्तीय संस्थाका कम्पनी सचिव श्री देवकर कार्कीले यस वित्तीय संस्थाको चौधौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभाव तथा अतिथिज्यूहरुलाई अभिवादन गर्नु हुँदै सभाहल भित्र प्रवेश गर्न अनुरोध गर्नुभयो । आसन ग्रहण कार्यक्रमको सिलसिलामा सञ्चालक समितिका अध्यक्ष श्री बिजय मान नकर्मीलाई कम्पनी सचिवले अनुरोध गरेबमोजिम आसन ग्रहण गर्नु भयो । तत्पश्चात् क्रमशः सञ्चालकहरु श्री सुवासनहर्ष वज्राचार्य, श्री सरोज श्रेष्ठ, श्री रुद्र प्रसाद दाहाल, श्री कृष्णप्रसाद अधिकारी, श्री शिबप्रसाद चौलागाईं र श्री सुनिता आचार्य र प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यले आसन ग्रहण गर्नु भयो । साथै, कम्पनी सचिवले अनुरोध गरेअनुसार सम्पूर्ण सेयरधनी महानुभावहरु, अतिथिज्यूहरु, प्रतिनिधिज्यूहरु, कर्मचारीहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नु भयो । आसन ग्रहण पश्चात् सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवलाई ब्याच वितरण गर्ने कार्य सम्पन्न भयो ।

८. **राष्ट्रिय गान :**

औपचारिक कार्यक्रम शुरु हुनुभन्दा अगाडि राष्ट्रिय गानको धुन बजाउने कार्यक्रमअनुसार उपस्थित सम्पूर्ण महानुभावहरुले आ–आफ्नो स्थानमा उभिएर राष्ट्रिय गानमा सहभागी हुनु भयो ।

९. **सभाको कारवाही र बैधानिकता :**

कम्पनी ऐन २०६३ र यस वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्थाबमोजिम सभा बोलाइएको हुँदा साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुग्नको लागि कुल सेयर संख्याको पचास प्रतिशतभन्दा बढी सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरु मध्ये कम्तीमा तीन (३) जना सेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको ब्यहोरा गरिमामय सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुलाई कम्पनी सचिव श्री देवकर कार्कीले जानकारी गराउनु हुदै सभाको कामकारवाही अगाडि बढाउन अनुमतिका लागि संस्थाका अध्यक्ष श्री बिजय मान नकर्मीज्यूलाई अनुरोध गर्नु भयो ।

१०. **सभा अध्यक्षज्यूको आसन ग्रहण :**

सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र वित्तीय संस्थाको नियमावलीबमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान अनुरुप आसन ग्रहणका लागि सञ्चालक समितिका अध्यक्षलाई कम्पनी सचिवले अनुरोध गरेबमोजिम यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बिजय मान नकर्मीज्यूले सभाको अध्यक्षता गर्नु भयो ।

११. **सभाको उद्घाटन :**

सभाको समुद्घाटन गर्ने शुभकार्यका लागि सभा अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको समुद्घाटन गर्नु भयो । उक्त अवसरमा श्री कृष्णप्रसाद अधिकारीले स्वस्तिकवाचन गर्नु भयो ।

१२. **स्वागत मन्तब्य :**

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यले उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्दै हाल लघुवित्त क्षेत्रले सामना गर्नु परेका चुनौती बारे औल्याउदै वित्तीय संस्थाको वर्तमान अवस्था बारेमा प्रकाश पार्नु भयो । वित्तीय संस्थाले संस्थागत सुशासनलाई आफ्नो मार्गदर्शनको रुपमा लिदै सेवाग्राहीहरुलाई छिटो छरितो सेवा प्रवाह, लगानीकर्तालाई उच्च प्रतिफल प्रदान गर्न प्रतिवद्धता व्यक्त गर्नुभयो । सेयरधनी महानुभावहरु, नियमनकारी निकाय र सञ्चालक समितिको साथ सहयोगमा संस्थाको उद्देश्य तथा लक्ष्य प्राप्ति गर्न र आईपर्ने चुनौतीको सामना गर्न व्यवस्थापन सदैव प्रयत्नशिल रहने प्रतिवद्धता समेत जाहेर गर्नु भएको थियो । साथै, उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथिहरुलाई वित्तीय संस्थाको तर्फबाट पुनः स्वागत गर्दै आफ्नो मन्तब्य राख्नु भयो ।

१३. **सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलका विषयसूचीहरु अनुसार सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री बिजय मान नकर्मीज्यूले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । अध्यक्षज्यूले समितिको प्रतिवेदन प्रस्तुत गरिसकेपछि यस सम्बन्धमा आ-आफ्ना विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन हुन सेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

१४. छलफलमा सेयरधनीहरुबाट व्यक्त गर्नु भएको जिज्ञासा, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेका छन् :

**सर्वसाधारण सेयरधनीको तर्फबाट**

अध्यक्षज्यूले समितिको प्रतिवेदन प्रस्तुत गरिसके पश्चात् सर्वसाधारण सेयरधनीहरुको तर्फबाट आ-आफ्ना विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया दिनको लागि सेयरधनीहरु मध्ये निम्न सेयरधनीज्यूहरुले आफ्ना मन्तब्य लिखितरुपमा राख्दै शुभकामना दिनुभयो ।

१. श्री उद्धव प्रसाद घिमिरे
२. श्री जगन्नाथ आचार्य
३. श्री भेषराज भण्डारी
४. श्री अमिर दास रंजित
५. श्री निरुपमा गुप्ता
६. श्री इन्द्रप्रसाद लामिछाने
७. श्री गोविन्द बहादुर केसी.
८. श्री नरसिंहलाल चखुं
९. श्री बैजनाथ रौनियार
१०. श्री राम गोपाल महर्जन

**सेयरधनीज्यूहरुले लिखितरुपमा राख्नु भएको मन्तब्य :**

यस वित्तीय संस्थाको १४औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्णमा अभिवादन गर्दै वित्तीय क्षेत्रमा प्रतिकूलको अवस्था भएता पनि यस वित्तीय संस्थाले ७ प्रतिशत लाभांश विवरण गर्न सकेकोमा स्वागत योग्य छ । यस कार्यका लागि सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत र सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिनु भएको छ ।
लेखापरीक्षण कार्तिकभित्र गरी मंसिर महिनासम्ममा साधारण सभा गर्न सुझाव दिनु भएको छ । संस्थाले आफ्नो काम डिजिटाइजेशन गर्ने, भाखा नाघेको कर्जा संतुलनमा ल्याउने, जनशक्तिको व्यवस्थापन र उचित परिचालन गर्ने, जगेडाकोषमा वृद्धि गर्दै आगामी वर्षमा पनि तुलनात्मकरुपमा अन्य संस्थाहरु भन्दा कम नहुने गरी दोहोरो अंकमा लाभांश वितरण गर्न सुझाव दिनुभयो । विगत वर्षभन्दा संस्था प्रगतिमै गएको देखिन्छ तथापि निष्क्रिय कर्जा घटाउनु पर्ने देखिन्छ जसको लागि असुली कार्यमा जोड दिनुपर्ने देखिन्छ । वित्तीय साक्षरता कार्यक्रमलाई नियमितरुपमा संचालन गरी कार्यक्रमलाई वृद्धि गर्न सकिने तर्क राख्नु भएको छ । नेपाल राष्ट्र बैंकले औंल्याएका कैफियतहरु पालना गर्नुपर्ने सुझाव राख्नु भएको छ ।
आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन कम्पनीले आफ्नो वेबसाइटमा समयमा राखेकोमा धन्यवाद दिनु भएको छ । हाल लघुवित्त संस्थाले भोग्नु परेको समस्याहरुको बारेमा समेत चर्चा गर्नु भएको छ । गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) भएका संस्थाको हालको अवस्था सन्तोषजनक नभएको अनुभवले पनि अन्य संस्थामा आफ्नो नामो निशान मेटाएर गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) मा जानुभन्दा आफ्नै नामबाट बलियो हुनुपर्ने विषयमा जोड दिनु भएको छ । यसै सन्दर्भमा, संस्था मर्जरमा जानुपर्ने कारणबारे सभामा सेयरधनी महानुभावले थप जिज्ञासा समेत राख्नु भएको थियो ।
सभामा छलफलका लागि प्रस्तुत भएका सामान्य तथा विशेष प्रस्तावहरु उपर पूर्ण सहमति र समर्थन रहेको बताउदै संस्था र सभाको सफलताको कामना गर्नुहुँदै संस्थाको उत्तरोत्तर प्रगति होस् भनि शुभकामना दिनु भएको छ ।

१५. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको जवाफ :

छलफलको क्रममा सेयरधनी महानुभावले प्रस्तुत गर्नु भएको मुख्यरुपमा निष्क्रिय कर्जा वृद्धि र लाभांश वितरण उपर ध्यानाकर्षण भएसँगै उहाँहरुको जिज्ञासा, राय तथा अमूल्य सुझाव प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्षज्यूले सराहना गर्दै आभार प्रकट गर्नुभयो । साथै, यस वित्तीय संस्थालाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा सेयरधनी महानुभावबाट प्रस्तुत गर्नु भएको महत्वपूर्ण सुझाव र जिज्ञासाले संस्थालाई नयाँ गति प्राप्त हुने यथार्थलाई उल्लेख गर्दै सञ्चालक समिति सेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सभाका अध्यक्षज्यूले सभामा उठेका अन्य विषय तथा जिज्ञासा माथि थप प्रष्ट्याउनका लागि संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यज्यूलाई अनुमति दिनुभए बमोजिम प्रमुख कार्यकारी अधिकृतज्यूले साधारण सभामा उठाईएका जिज्ञासाको सन्दर्भमा निम्नानुसार प्रत्यूत्तर प्रस्तुत गर्नु भयो ।

पूँजीकोषमा पर्न जानसक्ने दबाबलाई महसुस गर्दै कारोबार गर्नुपर्ने अवस्था रहेको छ । तथापि कारोबार र पूँजीकोषको स्थिति हेरी क्रमिकरुपमा कारोबारमा बृद्धि गरिदै लगिएको छ । तसर्थ, आगामी दिनहरुमा पूँजी कोष, नाफाको अवस्था, परिस्थितिको आँकलन तथा नियामक निकाय नेपाल राष्ट्र बैंक समेतले लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने सम्बन्धमा प्रोत्साहन नीति लिएकोले समग्र विषयबस्तुहरु मूल्याङ्कन गर्दै संस्था तथा सेयरधनी महानुभावज्यूहरुको हित हुनेगरी समग्र परिस्थिति, आवश्यकता र लघुवित्त बजारको अवस्थाअनुसार अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति गर्नको लागि आवश्यक पर्नसक्ने भएकोले सभामा विशेष प्रस्ताव ल्याइएको जानकारी गराउनु भयो ।

यसैगरी लघुवित्त क्षेत्रमा देखिएका अवरोध तथा चुनौतीहरुलाई सामना गर्दै संस्थाको लक्ष्य प्राप्त गर्ने दिशामा सदैव लागि परिरहने प्रतिवद्धता सहित आउने दिन पक्कै राम्रो हुनेछ भन्ने आशा र विश्वास गर्दै सेयरधनी महानुभावज्यूहरुले संस्था प्रति गर्नुभएको अपेक्षा प्रति संस्था सदैव सजग रहेको ब्यहोरा सभालाई जानकारी गराउनु भयो । साथै, गरिमामय सभामा आदरणीय सेयरधनी महानुभावज्यूहरुले राख्नु भएको राय सल्लाह, सुझाव, जिज्ञासा, अपेक्षा तथा मार्गनिर्देशनको लागि धन्यवाद व्यक्त गर्नुभयो ।

१६. सभाका निर्णयहरु :

आजको सभामा सेयरधनी महानुभावज्यूहरुले दिनु भएका अमूल्य राय तथा सुझावलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरी दिन अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षज्यूबाट प्रस्तुत देहायमा उल्लेखित प्रस्तावहरु उपस्थित सेयरधनी महानुभावहरुबाट ताली बजाई सर्वसम्मतले पारित/स्वीकृत भयो ।

(क) सामान्य प्रस्तावहरु :

<u>प्रस्ताव नं. १.</u>

**सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

<u>निर्णय नं. १.</u>

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.

**लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, मिति २०८१/०४/०१ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित लेखा टिप्पणी तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

निर्णय नं. २.

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, मिति २०८१/०४/०१ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित लेखा टिप्पणी तथा अनुसूचीहरु उपर छलफल गरी पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३.

**सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम हाल कायम रहेको संस्थाको कुल चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ०.३५ प्रतिशतले हुन आउने नगद लाभांश रकम रु. ११,१९,३६३/४५ बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्णय नं. ३

सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम हाल कायम रहेको संस्थाको कुल चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ०.३५ प्रतिशतले हुन आउने नगद लाभांश रकम रु. ११,१९,३६३/४५ बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि वितरण गर्ने प्रस्ताव पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४.

**कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् कम्पनीबाट लगातार तीन आर्थिक वर्षको लेखापरीक्षण भइसकेकोले निज पुनः नियुक्तिको लागि ग्राह्य नरहनु भएको)**

निर्णय नं. ४.

आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षणको लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने सम्बन्धमा मिति २०८२/०८/११ गते बसेको लेखापरीक्षण समितिको ६८औं बैठकले लेखापरीक्षण गर्ने प्रयोजनार्थ समितिमा पेश हुन आएका प्रस्तावहरु क्रमशः श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्, पुल्चोक ललितपुर, श्री पन्थी बी. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस्, शान्तिनगर काठमाडौं र श्री एम. बी. श्रेष्ठ एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्, नयाँबानेश्वर काठमाडौंको तुलनात्मकरुपमा अध्ययन गरी लेखापरीक्षण शुल्क कम रहेको, विभिन्न बैक तथा लघुवित्त वित्तीय संस्थाहरुको बाह्य तथा आन्तरिक लेखापरीक्षण सम्पन्न गरिसकेको अनुभव रहेको आधारमा श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्, पुल्चोक ललितपुरलाई बाह्य लेखापरीक्षकमा नियुक्त गर्न सिफारिस गरेको र सो सम्बन्धमा सञ्चालक समितिमा समेत छलफल भइ स्वीकृतार्थ यस सभामा पेश हुन आएको हुँदा उक्त कम्पनीको लेखापरीक्षण शुल्क अन्य प्रस्तावकहरुको तुलनामा कम रहेको, विभिन्न बैंक तथा लघुवित्त वित्तीय संस्थाहरुको बाह्य तथा आन्तरिक लेखापरीक्षण गरेको अनुभव भएको आधारमा कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षकमा श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्, पुल्चोक ललितपुरलाई नियुक्त गर्न

योग्य देखिएको हुँदा प्रस्ताव पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

साथै, बाह्य लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्, पुल्चोक ललितपुरलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म परीक्षण प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन, संस्थागत सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन, निक्षेप तथा कर्जा सुरक्षण कोष (DCGF) सँग सम्बन्धित विवरण र संस्थालाई आवश्यक पर्ने अन्य प्रतिवेदन प्रमाणिकरण गर्ने मूल्य अभिवृद्धि कर बाहेक वार्षिक पारिश्रमिक रु. ३,००,०००/- (अक्षरेपि तीन लाख मात्र) र लेखापरीक्षण गर्दा संस्थाको नियमानुसारको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने प्रस्ताव पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने समेत निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५.</u>

**सर्वसाधारण सेयरधनीहरुका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको निर्वाचन गर्ने ।**

<u>निर्णय नं. ५.</u>

यस वित्तीय संस्थामा सर्वसाधारण सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको पद रिक्त रहेको हुँदा उक्त सञ्चालक पदको पदपूर्तिका लागि निर्वाचन गर्न वित्तीय संस्थाले नियुक्त गरेको निर्वाचन अधिकृत अधिवक्ता श्री केशव कुमार श्रेष्ठले संस्थाको सञ्चालक निर्वाचन निर्देशिका, २०८० मा भएको व्यवस्थाबमोजिम सञ्चालक निर्वाचन कार्यक्रमको सूचनामा उल्लेख गरिएअनुसार निर्वाचनको सम्पूर्ण प्रक्रिया पुरा गरिएकोमा उक्त तोकिएको मिति र समयभित्र सर्वसाधारण सेयरधनीहरुको समूहबाट श्री सुनिता आचार्यको उम्मेद्वारी मनोनयन-पत्र दर्ता गर्नु भएकोमा मनोनयन दर्ता फाराम रित पूर्वकै रहेको र दर्ता फाराम उपर कुनै किसिमको उजुर वाजुर समेत दर्ता हुन नआएकोले निर्वाचन कार्यक्रम तालिकाको सूचनाअनुसार काभ्रे जिल्ला, बनेपा नगरपालिका वडा नं. ९ बस्ने श्री सुनिता आचार्य सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको जानकारी निर्वाचन अधिकृतबाट प्राप्त भयो । सभाबाट सोहीअनुसार निर्विरोध निर्वाचित काभ्रे जिल्ला, बनेपा नगरपालिका वडा नं. ९ बस्ने श्री सुनिता आचार्यलाई सर्वसाधारण सेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा आगामी चार (४) वर्षको कार्यकालका लागि नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।
साथै, नवनियुक्त सञ्चालकहरुलाई अध्यक्षज्यूबाट स्वागत गर्दै आगामी कार्यकाल सफल रहोस् भनी शुभकामना व्यक्त गर्नु भयो ।

**(ख) विशेष प्रस्तावहरु :**

<u>प्रस्ताव नं. १.</u>

**सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम आर्थिक वर्ष २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको संस्थाको कुल चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ६.६५ प्रतिशतले हुन आउने रकम रु. २,१२,६७,९०५/६६ बोनस सेयर लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

<u>निर्णय नं. १.</u>

सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम आर्थिक वर्ष २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको संस्थाको कुल चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ६.६५ प्रतिशतले हुन आउने रकम रु. २,१२,६७,९०५/६६ बोनस सेयर लाभांश वितरण गर्ने प्रस्ताव पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.

**वित्तीय संस्थाको प्रबन्धपत्रको दफा-६ (ख) र (ग) र नियमावलीको नियम ३२.१(ख) र ४९(८) मा संशोधन प्रस्ताव पारित गर्ने । साथै, प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न निर्देशन वा सुझाव दिएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

निर्णय नं. २.

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा-६ (ख) र (ग) र नियमावलीको नियम ३२.१(ख), ४९(८) मा निम्नबमोजिमको व्यवस्था कायम गर्न प्रस्ताव पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले प्रस्तावित व्यवस्थाहरु पारित गर्ने निर्णय गरियो । साथै, प्रबन्धपत्र र नियमावलीको नियमहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न निर्देशन वा सुझाव दिएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने समेत निर्णय गरियो ।

**प्रबन्धपत्र संशोधन सम्बन्धी विवरण :**

| दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था |
|---|---|---|
| दफा-६ | **लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना**<br>लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. ३१,९८,१८,१३०/१८ (अक्षरेपि एकतिस करोड अन्ठान्नब्बे लाख अठार हजार एक सय तीस रुपैयाँ र अठार पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १००/- दरका ३१,९८,१८१.३० (एकतिस लाख अन्ठान्नब्बे हजार एक सय एकासी दशमलव तीन शून्य) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ (अक्षरेपि एकतिस करोड अन्ठान्नब्बे लाख अठार हजार एक सय तिस रुपैयाँ र अठार पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १००/- दरका ३१,९८,१८१.३० (एकतिस लाख अन्ठान्नब्बे हजार एक सय एकासी दशमलव तीन शून्य) थान साधारण सेयरमा विभाजन गरिएको छ । | **लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना**<br>लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. ३४,१०,८६,०३५/८४ (अक्षरेपि चौतिस करोड दश लाख छयासी हजार पैंतिस रुपैयाँ र चौरासी पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १००/- दरका ३४,१०,८६०.३६ (चौंतिस लाख दश हजार आठ सय साठी दशमलब तीन छ) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३४,१०,८६,०३५/८४ (अक्षरेपि चौतिस करोड दश लाख छयासी हजार पैंतिस रुपैयाँ र चौरासी पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १००/- दरका ३४,१०,८६०.३६ (चौंतिस लाख दश हजार आठ सय साठी दशमलब तीन छ) थान साधारण सेयरमा विभाजन गरिएको छ । |

## नियमावली संशोधन सम्बन्धी विवरण :

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था |
|---|---|---|
| नियम-३२(१) | **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**<br>१.(ख)सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक भत्ता क्रमशः रु. ६,०००/- र रु. ५,०००/- हुनेछ । सञ्चालकको संयोजकत्वमा गठित समिति/उपसमितिहरुको बैठकमा उपस्थित भए बापत सञ्चालकलाई बैठक भत्ता प्रति बैठक रु. ५,०००/- प्रदान गरिनेछ । | **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**<br>१.(ख)सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षको प्रति बैठक भत्ता रु. ७,५००/- र अन्य सञ्चालकको प्रति बैठक भत्ता रु. ६,५००/- हुनेछ । सञ्चालकको संयोजकत्वमा गठित समिति/उपसमितिहरुको बैठकमा उपस्थित भए बापत सञ्चालकलाई प्रति बैठक भत्ता रु. ६,५००/- प्रदान गरिनेछ । |
| नियम-४९(८) | **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानुनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा :**<br>(८) आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा ऐनको उद्देश्य कार्यान्वयन गर्न राष्ट्र बैंकको स्वीकृति लिई **बैंकले** विनियम बनाउन सक्नेछ । समितिले आवश्यकताअनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ । | **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानुनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा :**<br>(८) आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा ऐनको उद्देश्य कार्यान्वयन गर्न राष्ट्र बैंकको स्वीकृति लिई **लघुवित्त वित्तीय संस्थाले** विनियम बनाउन सक्नेछ । समितिले आवश्यकताअनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागु गर्न सक्नेछ । |

**प्रस्ताव नं. ३.**

**यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

**निर्णय नं. ३.**

यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी सभाअध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ग) **विविध :** विविध शीर्षक अन्तर्गत कुनै प्रस्ताव प्राप्त नभएको ब्यहोरा जानकारी भयो ।

**१७. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

सभामा छलफल तथा प्रस्ताव पारित गर्ने कार्य पश्चात् अध्यक्षज्यूले वित्तीय संस्थालाई प्रगतिको पथमा लैजान सहयोग गर्नुहुने सहकर्मी सञ्चालकहरु, सम्पूर्ण सेयरधनी महानुभावहरु, व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, विभिन्न संघ/संस्था लगायत नियमनकारी निकायबाट पाल्नु हुने महानुभावहरु, साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने सभाहलका सञ्चालक तथा कर्मचारीहरु, सेयर रजिष्ट्रार हिमालयन क्यापिटल मार्केट लिमिटेड तथा सम्बद्ध सबै पक्षलाई सभाका अध्यक्षज्यूले हार्दिक आभार व्यक्त गर्नु हुँदै साधारणसभा सफल बनाई दिनु भएकोमा हार्दिक धन्यवाद दिनुभयो ।

तत्पश्चात् यस सभाका अध्यक्षज्यूले दिनको २:०० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

देवकर कार्की
**कम्पनी सचिव**

बिजय मान नकर्मी
**अध्यक्ष**

मितिः २०८२ पौष २८ गते सोमबार ।